लोक सेवा आयोग
नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको आन्तरिक प्रतियोगितात्मक
लिखित परीक्षा
२०७८।१०।०६

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बीमा, पुनर्बीमा, बैंक तथा सेवा सम्बन्धी कानूनहरू

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड "क"

५० अङ्क

१. बीमा व्यवसायलाई समयसापेक्ष सञ्चालन गर्दै संस्थागत सुशासन कायम गर्न तथा सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न बीमा समितिको कस्तो भूमिका हुनु पर्दछ? उल्लेख गर्नुहोस् । ५

२. राष्ट्रिय अर्थतन्त्रको विकासमा बीमा क्षेत्रको भूमिका उल्लेख गर्दै बीमाका आधारभूत सिद्धान्तहरू उल्लेख गर्नुहोस् । ५+५=१०

३. केन्द्रीय बैंक भन्नाले के बुझिन्छ? केन्द्रीय बैंकका प्रमुख कार्यहरू के-के हुन्? उल्लेख गर्नुहोस् ।३+७=१०

४. सामाजिक उत्तरदायित्व भनेको के हो? उल्लेख गर्दै नैतिकता र सुशासन कायम गर्न यसले कसरी भूमिका खेल्न सक्छ? विश्लेषणात्मक टिप्पणी गर्नुहोस् । ३+७=१०

५. ABC पुनर्बीमा कम्पनीले XYZ बीमा कम्पनीसँग लिनुपर्ने ४ करोड उठाउन बाँकी छ । बीमकले उक्त रकम लिनुपर्ने रकममा कट्टा गरिसकेको भनी तिर्न मानेको छैन । दुवै कम्पनीको हिसाबसमेत दुरूस्त देखिन्छ । यस्तो अवस्थामा मुद्दा मामिला नगरिकनै समस्या समाधान गर्न व्यवस्थापनले दिएको आदेश कसरी पालना गर्नुहुन्छ ? १५

## खण्ड "ख"

५० अङ्क

६. पुनर्बीमाको अन्तर्राष्ट्रिय मान्यताअनुसार पुनर्बीमा दलालले गर्नुपर्ने कार्यहरू के-कस्ता हुन्छन्? उल्लेख गर्नुहोस् । ५

७. बीमा ऐन, २०४९ अनुसार बीमा समितिको गठन, काम, कर्तव्य र अधिकारको चर्चा गर्नुहोस् ।३+७=१०

८. सार्वजनिक खरिद प्रकृयामा स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति वा संस्थासँग आवश्यक वस्तु वा सेवा खरिद गर्नुपर्ने सम्बन्धमा गरिएको कानूनी व्यवस्था उल्लेख गर्नुहोस् । १०

९. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित के-कस्ता सूचनाहरू सूचीकृत गरी प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ? उल्लेख गर्नुहोस् । १०

१०. प्रतिस्पर्धारहित अवस्थामा कार्य गरिरहेको नेपालको पुनर्बीमा कम्पनीलाई आगामी दिनमा प्रतिस्पर्धात्मक चुनौतीहरूसमेत थपिने अवस्था छ । प्रतिस्पर्धात्मक वातावरणमा सफलता प्राप्त गर्न कम्पनीको रणनैतिक योजना तयार गर्नुअघि Strenght, Weakness, Opportunities and Threat (SWOT) Analysis गर्न आवश्यक मानिन्छ । नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको SWOT Analysis गर्दै तीनवटा नविनतम् कार्यहरू प्रस्ताव गर्नुहोस् । १०+५=१५

:: समाप्त ::